# जनवादी गणतन्त्र चीन सरकार
# तथा
# नेपाल सरकार
# वीच सम्पन्न

## चीन - नेपाल सीमा क्षेत्रमा बन्दरगाहहरुको व्यवस्थापन सम्बन्धी सम्झौता

जनवादी गणतन्त्र चीन सरकार तथा नेपाल सरकार (यसपछि "दुवै पक्षहरु" भनिएको), दुवै देशका जनताहरु वीच रहेको परम्परागत असल छिमेकी र मैत्रीपूर्ण सम्वन्धलाई अझ प्रगाढ र विकसित गर्ने मनसायले तथा द्विपक्षीय व्यापार र दुवै देशका जनताहरु वीचको आवत जावतलाई प्रवर्द्धन गर्न समानता र पारस्परिक लाभको सिद्धान्तमा आधारित भै देहाय वमोजिम गर्न सहमत भएका छन् ।

धारा - १

यस सम्झौतामा दुवै पक्षहरुले शव्दहरुलाई देहाय वमोजिम प्रयोग गर्दछन्:

१. "वन्दरगाह" भन्नाले नेपाल - चीन सीमाको दुवैतर्फ रहेको, तोकिएका अधिकारीहरुले रेखदेख र व्यवस्थापन गर्ने तथा मानिस, सवारी साधन, कार्गो र वस्तुहरु आवत जावत गर्ने मार्ग/नाकाको रुपमा प्रयोग हुने तोकिएको क्षेत्र सम्झनु पर्छ । वन्दरगाह भन्नाले द्विपक्षीय वन्दरगाह र अन्तर्राष्ट्रिय वन्दरगाह समेतलाई जनाउँछ ।
   द्विपक्षीय वन्दरगाह भन्नाले दुवै पक्षहरुका मानिसहरु, सवारी साधनहरु, मालसामान र वस्तुहरु आवत - जावत गर्न अनुमति प्राप्त वन्दरगाह सम्झनु पर्दछ । अन्तर्राष्ट्रिय वन्दरगाह भन्नाले दुवै पक्ष र तेस्रो देशहरु तथा क्षेत्रका मानिसहरु, सवारी साधनहरु, मालसामान र वस्तुहरु आवत जावत गर्ने अनुमति प्राप्त वन्दरगाह सम्झनु पर्छ ।

२. "सीमा क्षेत्र" भन्नाले नेपाल - चीन सीमानाको दुवै तर्फका काउण्टी वा जिल्लाहरु सम्झनु पर्छ ।
३. "सीमानाका वासिन्दाहरु" भन्नाले सीमा क्षेत्रमा वसोवास गर्ने दुवै देशका स्थायी वासिन्दाहरु सम्झनु पर्छ ।
४. "वाध्यात्मक परिस्थिति" (फोर्स मेज्योर) भन्नाले कुनै पनि पक्षलाई यो सम्झौता वमोजिमको दायित्व पालना गर्नवाट रोक्न सक्ने अथवा कुनै पनि पक्षलाई त्यस्तो परिस्थितिसंग सामना गर्न अन्य वैकल्पिक प्रवन्ध गर्न वाध्य तुल्याउने अनुमान गर्न नसकिने, टार्न नसकिने र असम्भव एवं दुवै पक्षहरुको काबु वाहिरको परिस्थिति सम्झनु पर्छ ।
५. "वन्दरगाहमा अवस्थित निरीक्षण कार्यालयहरु" भन्नाले चिनीया पक्षको सीमा नियन्त्रण, भन्सार, निरीक्षण तथा क्वारेण्टाइन विभाग र नेपाली पक्षको भन्सार, अध्यागमन, खाद्य निरीक्षण र क्वारेण्टाइन कार्यालयहरु तथा सुरक्षा निकायहरु सम्झनु पर्छ ।

धारा २

१. दुवै पक्षहरुले नेपाल - चीन सीमानामा रहेका देहायका विद्यमान व्यापार विन्दुहरुलाई वन्दरगाहमा स्तरोन्नति गर्नेछन् ।

| **चिनीयाँ पक्षका** | **नेपाली पक्षका** |
| --- | --- |
| युलान | यारी |
| लीजी | नेचुङ |
| जीलोङ | रसुवा |
| झाङमु | कोदारी |
| रिवु | ओलाङ्चुक गोला |
| छेन्ताङ | किमाथान्का |

२. माथि अनुच्छेद १ मा उल्लेख गरिएका वन्दरगाहहरुको स्थान एवं किसिम संलग्न अनुसूचीमा परिभाषित गरिए वमोजिम हुनेछ । अझैसम्म पूर्णरुपमा सञ्चालनमा आउन नसकेका माथि उल्लेखित वन्दरगाहहरुमा पर्याप्त पूर्वाधार र आन्तरिक कार्यविधि पुरा गरी कुटनीतिक सुचनाको आदान प्रदानको माध्यमवाट पूर्ण रुपमा सञ्चालन गर्न दुवै पक्ष सहमत हुनेछन् । वन्दरगाहहरु खुला रहने अवधि र कार्य समय वन्दरगाह अवस्थित रहेको स्थानमा रहेका दुवै पक्षहरुका प्रशासकीय अधिकारीहरुको सल्लाहवाट वा वन्दरगाह सम्पर्क माध्यम मार्फत तय गरिनेछ, जसलाई दुवै पक्षवाट स्वीकृत गराउनु पर्नेछ ।

३. दुवै पक्षहरु नयाँ वन्दरगाहहरु खोल्ने वा विद्यमान वन्दरगाहहरु वन्द गर्ने सम्वन्धमा दुवै पक्षहरु वीच कूटनीतिक सूचनाको आदान प्रदान मार्फत परामर्श गर्नेछन् । यस प्रकारका सूचनाहरु यो सम्झौताको अभीन्न भाग हुनेछन् ।

४. विद्यमान वन्दरगाहहरुको स्थान एवं किसिममा हुने परिवर्तनहरुमा दुवै पक्षहरु वीचको कूटनीतिक सूचनाको आदान प्रदान मार्फत सहमति गरिनेछ । यस्ता सूचनाहरु यो सम्झौताको अभीन्न भाग हुनेछन् । वन्दरगाहहरुको खुला रहने अवधि र कार्य समयको परिवर्तन वन्दरगाह अवस्थित रहेको स्थानमा रहेका दुवै पक्षहरुका प्रशासकीय अधिकारीहरुको सल्लाहवाट वा वन्दरगाह सम्पर्क माध्यम मार्फत तय गरिनेछ, जसलाई दुवै पक्षहरुवाट स्वीकृत गराउनु पर्नेछ ।

५. वाध्यात्मक परिस्थिति वा अन्य विशेष आवश्यकतामा दुवै पक्षहरुले अस्थायी वन्दरगाह खोल्न सक्नेछन् । अस्थायी वन्दरगाह खुला गर्ने विषय दुवै पक्षहरुको सहमतिमा कूटनीतिक सूचनाको आदान प्रदान मार्फत तय गरिनेछ । आवत जावतको लागि प्रतिक्षारत मानिस, सवारी साधन,

कार्गो र वस्तुहरुले स्थानीय कानून वा दुवै पक्षहरु वीच विद्यमान द्विपक्षीय सम्झौताका प्रावधानहरुको पालना गर्नु पर्नेछ ।

धारा ३

१. बन्दरगाह हुदै यात्रा गर्न चाहने कुनै पनि देशका नागरिकहरुले दुवै पक्षले मान्यता दिएको वैध राहदानी वा अन्य यात्रा अनुमति पत्र साथमा राख्नुपर्नेछ र दुई देशवीच सम्पन्न अन्तर्राष्ट्रिय यात्रा सम्बन्धी सम्झौताहरुको परिपालना गर्नु पर्नेछ ।

बन्दरगाह हुदैं यात्रा गर्न चाहने तेस्रो मुलकका नागरिकहरुले वैध राहदानी वा अन्य यात्रा अनुमति पत्र साथमा राख्नुपर्नेछ र अन्तर्राष्ट्रिय यात्रा सम्बन्धी दुवै देशका नियमहरु र द्विपक्षीय सम्झौताहरु वा दुवै देश पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरु समेतको पालना गर्नुपर्नेछ ।

२. दुवै पक्षहरुका सीमानाका वासिन्दाहरुले नेपाल - चीन सीमा क्षेत्रको आवात - जावत अनुमति पत्रको आधारमा आवत जावत गर्न सक्नेछन् । जनवादी गणतन्त्र चीन सरकार र नेपाल सरकार वीच सन् २००२ मा हस्ताक्षर भएको चीनको स्वशासीत क्षेत्र तिव्वत र नेपाल वीचको व्यापार र अन्य सम्वद्ध विषय सम्वन्धी सम्झौता अनुसार नेपाल - चीन सीमा क्षेत्रको आवत जावत अनुमति पत्र जारी र प्रयोग हुनेछ ।

धारा ४

बन्दरगाहहरुको कार्य समय भित्र बन्दरगाहमा अवस्थित कुनै पनि पक्षको निरीक्षण कार्यालयले आ-आफ्नो मुलुकको कानून र नियम अनुसार तिनीहरुको अधिकार प्रयोग गर्नेछन् । दुवै पक्षहरुका सम्बन्धित विभागहरु, कार्यालयहरु वा निकायहरुवाट मानिस, सवारी साधन, कार्गो र वस्तुहरुको निरीक्षण गर्न सकिनेछ । दुवै पक्षहरुले वा बन्दरगाहमा अवस्थित दुवै पक्षहरुका निरीक्षण कार्यालयहरुले निरीक्षण प्रक्रियालाई सरलीकरण गर्न आवश्यकतानुसार कार्य प्रवन्ध सम्बन्धमा सहमति गर्न सक्नेछन् ।

धारा ५

१. दुवै तर्फ आधिकारिक रुपमा खोलिएका बन्दरगाहहरु अन्य विशेष सम्झौता भएको अवस्थामा वाहेक कुनै पनि पक्षको सरकारी विदाको दिनमा पनि वन्द गरिने छैनन् ।

२. कुनै एउटा पक्षले विशेष परिस्थितिमा वन्दरगाह खोल्नु परेमा अर्को पक्षलाई पाँच दिन अगावै वा आकस्मिक अवस्थामा पनि २४ घण्टामा नघट्ने गरी कूटनीतिक माध्यम मार्फत सूचना दिनु पर्नेछ र यस सम्वन्धमा छलफल मार्फत अर्को पक्षसंग सहमति गर्नुपर्नेछ । कुनै पनि पक्षले अर्को पक्षलाई अस्थायी रुपमा खोलिएको वन्दरगाह वन्द गर्न कूटनीतिक माध्यम मार्फत सूचना दिनुपर्नेछ र यस सम्बन्धमा अर्को पक्षको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

३. सामाजिक र सार्वजनिक हित कायम राख्न तथा राष्ट्रिय सुरक्षाको रक्षा गर्न वा बाध्यात्मक परिस्थितिको कारणले कुनै पक्षले अस्थायी रुपमा बन्दरगाह बन्द गर्न वा बन्दरगाहबाट आवात जावत सीमित गर्न सक्नेछ तर अर्को पक्षलाई ५ दिन अगावै वा आकस्मिक अवस्थामा २४ घण्टा अगावै सो सम्बन्धमा सूचित गर्नुपर्नेछ । कुनै पनि पक्षले अर्को पक्षलाई अस्थायी रुपमा बन्द भएको बन्दरगाह पुनः खुला गरिएको वा आवागमनमा लगाएको बन्देज हटाइएको सुचना कूटनीतिक माध्यम मार्फत दिनुपर्नेछ र सो सम्बन्धमा अर्को पक्षको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

४. यो धाराको अनुच्छेद ३ मा उल्लेख भएको परिस्थितिमा बाहेक कुनै पनि पक्षले अर्को पक्षको पूर्व सहमति बिना बन्दरगाह बन्द गर्ने छैन । कुनै पक्षले अर्को पक्षको पूर्व सहमति बिना बन्दरगाह बन्द गरेमा र सो बन्दबाट अर्को पक्षलाई कुनै नोक्सानी परेमा दुवै पक्षहरुले कूटनीतिक माध्यम मार्फत आफ्ना विवादहरु समाधान गर्नेछन् ।

धारा ६

दुवै पक्षहरुले बन्दरगाहहरुको भौतिक पूर्वाधार निर्माण र निरीक्षण सुविधालाई सुदृढ पार्नेछन्, पारवहन अवस्थालाई सुधार गर्नेछन् र पारवहन क्षमतालाई विस्तार गर्नेछन् । बन्दरगाहहरुको सुविधाहरुको डिजाइन र निर्माण गर्दा बन्दरगाहहरुको भावी विकासका आवश्यकताहरुलाई विचार गरिनेछ ।

धारा ७

यो सम्झौताको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न दुवै पक्षहरुले देहाय बमोजिमको संयन्त्र स्थापना गर्नेछन्:

(क) दुवै पक्षले नियुक्त गरेका सक्षम अधिकारीहरु वा स्थानीय अधिकारी/निकायहरु सहयोग संयन्त्रका अग्रणी निकायहरु हुनेछन् । तिनीहरुले एक अर्काबीच समन्वय गर्नेछन् र अध्ययन उपायहरुका आधारमा दक्षता वृद्धि गर्ने कार्य योजना बनाउने एवं सोको कार्यान्वयन गर्नेछन् ।

(ख) दुवै पक्षहरुका बन्दरगाहमा अवस्थित निरीक्षण कार्यालयहरुले बैठक गर्न र संचारका लागि समकक्षी सम्पर्क माध्यम बनाउन सक्नेछन् ।

धारा ८

यो सम्झौताले दुवै पक्षहरुले सम्पन्न गरी क्रियाशील रहेका अन्य अन्तर्राष्ट्रिय सन्धिहरुबाट उत्पन्न तिनीहरुका अधिकार र दायित्वहरुमा कुनै प्रभाव पार्ने छैन ।

धारा ९

यो सम्झौताको व्याख्या वा कार्यान्वयनको क्रममा उठेका मत भिन्नताहरुलाई दुवै पक्षहरुले कूटनीतिक माध्यमहरु मार्फत समाधान गर्नेछन् ।

धारा १०

यो सम्झौताको वैधताको अवधिभर दुवै पक्षहरुको सहमतिमा यो सम्झौतामा संशोधन वा परिमार्जन गर्न सकिनेछ ।

धारा ११

यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू हुनेछ र १० वर्षसम्म वहाल रहनेछ ।

यो सम्झौताको अन्त्य हुनुभन्दा ६ महिना अगावै कुनै पक्षले लिखित सूचनाद्वारा अर्को पक्षलाई सम्झौताको समाप्तिको लागि अनुरोध गरेकोमा वाहेक यो सम्झौता लगातार हरेक १० वर्षमा स्वत: नवीकरण हुनेछ ।

मिति १४ जनवरी २०१२ मा चिनीयाँ, नेपाली र अंग्रेजी भाषाका सवै प्रतिहरु समान रुपमा आधिकारिक हुने गरी काठमाडौंमा सम्पन्न भयो । कुनै मतभिन्नता भएमा अङग्रेजी प्रति मान्य हुनेछ ।

जनवादी गणतन्त्र चीन सरकारको तर्फवाट

नेपाल सरकारको तर्फवाट

अनुसूची:

**नेपाल - चीन वन्दरगाहहरुको स्थान एवं किसिम**

१. पुलान - यारी वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको पुलान टाउन, पुलान काउण्टी हो र अर्को तर्फ नेपालको हुम्ला जिल्ला, हिल्सा गाँउ हो ।

यो एउटा अन्तर्राष्ट्रिय वन्दरगाह हो ।

२. जीलोङ - रसुवा वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको जीलोङ टाउन, जीलोङ काउण्टी हो र अर्को तर्फ नेपालको रसुवा जिल्ला रसुवागढी गाँउ हो ।

यो एउटा अन्तर्राष्ट्रिय वन्दरगाह हो ।

३. झाङ्मु - कोदारी वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको झाङमु टाउन, निएलाम काउण्टी हो र अर्को तर्फ नेपालको सिन्धुपाल्चोक जिल्ला तातापानी गाँउ हो ।

यो एउटा अन्तर्राष्ट्रिय वन्दरगाह हो ।

४. रिवु - ओलाङचुङ गोला वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको रिवु टाउन, दिङजे काउण्टी हो र अर्को तर्फ नेपालको ताप्लेजुङ जिल्ला ओलाङचुङ गोला गाँउ हो ।

यो एउटा द्विपक्षीय वन्दरगाह हो ।

५. लीजी - नेचुङ वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको झोङवा काउण्टी हो र अर्को तर्फ लोमाङथाङ गाँउ, नेपालको मुस्ताङ जिल्ला हो ।

यो एउटा द्विपक्षीय वन्दरगाह हो ।

६. छेन्ताङ - किमाथांका वन्दरगाह

यो वन्दरगाहको एकातर्फ चीनको स्वाशासित क्षेत्र तिब्वतको जीलोङ टाउन, जीलोङ काउण्टी छेन्ताङ टाउन, दिङजे काउण्टी हो र अर्को तर्फ नेपालको संखुवासभा जिल्ला किमाथांका गाँउ हो ।

यो एउटा द्विपक्षीय वन्दरगाह हो ।